आज मिति २०८२/०३/१८ गतेका दिन गौमुखी गाउँपालिका गाउँ सभाको उन्निसौ अधिवेशनको तेस्रो बैठक सभाका अध्यक्ष  श्री विष्णु कुमार गिरीको अध्यक्षतामा बैठक बसि तपशिल बमोजिमको उपस्थितिमा विविध विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

| | |
|---|---|
| श्री विष्णु कुमार गिरी | सभाअध्यक्ष |
| श्री महाविर राना मगर | उपाध्यक्ष |
| श्री दिल बहादुर थापा | गाउँसभा सदस्य |
| श्री डोर बहादुर राना | गाउँसभा सदस्य |
| श्री जंग वहादुर पुन मगर | गाउँसभा सदस्य |
| श्री धनिराम सुनार | गाउँसभा सदस्य |
| श्री वरुणध्वज मल्ल | गाउँसभा सदस्य |
| श्री चन्द्र बहादुर खत्री | गाउँसभा सदस्य |
| श्री कोमल पुरी | गाउँसभा सदस्य |
| श्री निमा सुनार | गाउँसभा सदस्य |
| श्री कमला के.सी. | गाउँसभा सदस्य |
| श्री तेजमला राना मगर | गाउँसभा सदस्य |
| श्री सिता सुनार | गाउँसभा सदस्य |
| श्री वोम वहादुर सुनार | गाउँसभा सदस्य |
| श्री सुमित्रा गौचन थकाली | गाउँसभा सदस्य |
| श्री मसिना के.सी. | गाउँसभा सदस्य |
| श्री तनी सुनार | गाउँसभा सदस्य |
| श्री तेजी गिरी | गाउँसभा सदस्य |
| श्री जंगबहादुर सुनार | गाउँसभा सदस्य |
| श्री मनिसा दमै | गाउँसभा सदस्य |

Scanned with CamScanner

| | |
|---|---|
| श्री हर्कबहादुर थापा | गाउँसभा सदस्य |
| श्री जगबहादुर राना | गाउँसभा सदस्य |
| श्री विमला शाही | गाउँसभा सदस्य |
| श्री सन्दिप राना | गाउँसभा सदस्य |
| श्री इश्वरे सुनार | गाउँसभा सदस्य |
| श्री सावित्रा कुमारी टोमटा | गाउँसभा सदस्य |
| श्री तुलबहादुर सुनार | गाउँसभा सदस्य |
| श्री भरतबहादुर के.सी. | गाउँसभा सदस्य |
| श्री कल्पना कंवर | गाउँसभा सदस्य |
| श्री पुष्पा सुनार | गाउँसभा सदस्य |
| श्री कृष्ण विष्ट | गाउँसभा सदस्य |
| श्री हुमबहादुर खड्का | गाउँसभा सदस्य |
| श्री बसन्ती खड्का | गाउँसभा सदस्य |
| श्री दिपक दमै | गाउँसभा सदस्य |
| श्री मनबहादुर खत्री | गाउँसभा सदस्य |
| श्री लिला कुमारी कवर | गाउँसभा सदस्य |
| श्री सीता वि.क. | गाउँसभा सदस्य |
| श्री जुमान सिंह जि.सी. | गाउँसभा सदस्य |
| श्री कमल जोगी कवर | गाउँसभा सदस्य |
| श्री तुल्सीराम पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |
| श्री पुरुषोत्तम [illegible] | रोजगार संयोजक |
| श्री प्रकाश जि.सी. | रोजगार प्राविधिक |
| श्री [illegible] मल्ल | स्वकीय सचिव |
| श्री दुर्गा प्रसाद द्विवेदी | प्रशासकीय अधिकृत |
| श्री रमेश पौडेल | सूचना प्रविधि अधिकृत |
| श्री अनिल रायमाझी | कानुन अधिकृत |
| श्री प्रेम बहादुर कुँवर | लेखापाल |
| श्री भरत सिंह | |

निर्णयहरु

निर्णय नं. १ :

कार्यपालिकाबाट स्वीकृत भई गाउँ सभाको दोस्रो बैठकमा पेश भएको देहायका विषयहरु माथि व्यापक छलफल तथा अनुमोदन गरि सर्वसम्मत रुपमा स्विकृत गरियो ।

(क) गौमुखी गाउँपालिकाको विनियोजन विधेयक,२०८२

(ख) गौमुखी गाउँपालिकाको आर्थिक विधेयक, २०८२

(ग) बजेट वक्तव्य,२०८२

(घ) दलित अधिकार तथा उत्थान सम्बन्धमा बनेको विधेयक,२०८२

(ङ) आ.व. २०८२/०८३ को लागि योजना तथा कार्यक्रमहरु

(च) गौमुखी गाउँपालिकाको शिक्षा ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक, २०८२

(छ) गौमुखी गाउँपालिका आ.व. २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन

निर्णय नं. २ :

गौमुखी गाउँ कार्यपालिकाबाट स्वीकृत भइ पेश हुन आएका समेत देहाय बमोजिमका विविध विषयमा बृहत छलफल भई तपशिल अनुसारको छलफल तथा निर्णय गरियो ।

क) चालु आर्थिक वर्ष २०८१/०८२ को श्रावण देखि हालसम्म गाउँ कार्यपालिकाको बैठकले गरेका निर्णयहरु,राजश्व परामर्श समिति,न्यायिक समिति,विभिन्न विषयगत समिति,परिक्षा समिति, शिक्षक छनौट समिति लगायतका समितिहरुले गरेका निर्णयहरु अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

ख) गाउँसभाको सत्रौ अधिवेशनबाट स्वीकृत भएका वार्षिक योजना तथा कार्यक्रम र सो सँग सम्वन्धित बजेटलाई आवश्यकता र प्राथमिकताको आधारमा सामान्य संसोधन,थपघट,हेरफेर वा परिमार्जन गर्ने अधिकार गाउँ कार्यपालिकालाई प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

ग) चालु आर्थिक वर्ष २०८१/०८२ मा सम्झौता भइ काम सम्पन्न हुन नसकेका तथा काम सम्पन्न भइ विविध कारणले भुक्तानी हुन बाँकी रहेका योजनाहरुको जिम्मेवारी आगामी आ.व.२०८२/८३ का लागि सार्ने र म्याद थप तथा भुक्तानी सम्बन्धि निर्णय गर्ने अधिकार गाउँ कार्यपालिकालाई प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

घ) ठेक्का वा उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने पुर्वाधार तर्फका योजनाहरुमा अन्य कानुनमा तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा ४ प्रतिशतका दरले कन्टेन्जेन्सी रकम काट्ने र उक्त रकमबाट कन्टेन्जेन्सी योजना अनुसार गाउँ कार्यपालिकाबाट निर्णय गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

ङ) गाउँपालिकाको लक्षित वार्षिक निति तथा कार्यक्रमको उदेश्य बमोजिम हुने गरी सहयोगी दातृ निकाय एवं संघ संस्थाहरुबाट विभिन्न समयमा पेश हुने कार्यक्रम स्विकार गरी द्विपक्षिय एवं बहुपक्षिय सम्झौता तथा साझेदारी गर्ने अधिकार गाउँ कार्यपालिकालाई प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

Scanned with CamScanner

च) राजश्व परामर्श समितिको सिफारिसमा गौमुखि गाउँपालिकाको आर्थिक ऐन २०८२ बमोजिम स्वीकृत कर तथा शुल्कका दरहरुमा सामान्य संसोधन तथा हेरफेर गर्ने वा तोकिए बाहेकका नयाँ क्षेत्र पहिल्याई कर तथा शुल्क निर्धारण कायम गर्ने अधिकार गाउँ कार्यपालिकालाई प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

छ) गौमुखी गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयमा कार्यरत सेवा करार तर्फका कर्मचारीको म्याद थप गर्ने तथा सेवा सुविधाको निर्धारण गर्ने, कार्यालयको कार्यबोझ तथा सेवा प्रवाहको विश्लेषण गरी थप कर्मचारीको व्यवस्थापन गर्ने सम्पुर्ण अधिकार गाउँ कार्यपालिकालाई प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

ज) आ.व. २०७४/०७५ देखि आ.व.२०८०/०८१ सम्म को अन्तिम लेखा परीक्षण प्रतिवेदनमा औल्याइएका वेरुजु मध्ये असुल उपर गर्नुपर्ने भए असुल उपर गर्न र प्रमाण कागजात पुग्राइ सम्परिक्षण गर्नपर्ने भए समयमै सम्परीक्षण गरी बेरुजुको अभिलेख चुस्त दुरुस्त राख्न कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

झ) यस गाउँपालिका र अन्तर्गतमा कार्यरत कर्मचारीहरुको आ.व. २०८२/०८३ को तलबी प्रतिवेदन पारित गर्ने अधिकार गाउँ कार्यपालिकालाई दिने सर्वसम्मत निर्णय गरियो ।

ञ) आर्थिक वर्ष २०७९/०८० को स्थानिय तह संस्थागत स्वमूल्याङ्कन (LISA) मा गौमुखी गाउँपालिकाले ६६ अंक र वित्तिय जोखिम मूल्याङ्कन (FRA) मा ७५ अंक प्राप्त गरेकोले सो अंकलाइ अनुमोदन गरी चालु आ.व. र आगामी आ.व. मा सबै सूचकहरुमा उत्कृष्ट अंक ल्याउने गरी सबैले आ-आफ्नो जिम्मेवारी निर्वाह गर्ने सर्वसम्मत निर्णय गरियो ।

ट) गौमुखी गाउँपालिका गाउँपालिकाको कार्यालय,वडा कार्यालय,स्वास्थ्य संस्थाहरुबाट चालु आर्थिक वर्ष २०८१/०८२ मा सम्पादन गरेका कार्यहरु र गरेका खर्चहरु अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो

ठ) गौमुखी गाउँपालिकाको पर्यटन क्षेत्रको प्रवर्धन तथा विकास गर्नको लागि गौमुखी भ्रमण वर्ष, २०८२ लाई उच्च प्राथमिकतामा राखि कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

ड) गौमुखी गाउँपालिकाको गरिमामय गाउँ सभाको उन्नाइसौ अधिवेशनको पहिलो,दोस्रो,तेस्रो बैठक सभ्य र भव्य रुपमा सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पुर्ण निर्वाचित जनप्रतिनिधि,राजनीतिक दलका प्रतिनिधिहरु,बुद्धिजिवी,समाजसेवी,उद्यमी व्यवसायी,संचारकर्मी,गाउँबासी र गाउँसभामा खट्ने सम्पुर्ण कर्मचारीहरुमा धन्यवाद ज्ञापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

Scanned with CamScanner

ढ) गौमुखी गाउँपालिकाले निर्माण गरेको आर्थिक वर्ष २०८१/०८२ मा निर्माण गरेको गौमुखी गाउँपालिकाको आवधिक योजना २०८२/०८३- २०८६/८७ लाइ विस्तृत अध्ययन गरि सर्वसम्मत रुपमा स्वीकृत गर्ने निर्णय गरियो।

ण) आर्थीक वर्ष २०८०/०८१ को स्थानीय तह संस्थागत मूल्याङ्कन लिजा (LISA) मा गौमुखी गाउँपालिकाले ९६.५ दावि गरिएकोमा पुनरावलोकन पछि अन्तिम नतिजा ८५.२५ अंक प्राप्त गरेकोले सो अंकलाई अनुमोदन गरि चालु आव र आगामि आवमा सबै सूचकहरुमा उत्कृष्ट नतिजा ल्याउने गरि सबैले आ-आफ्नो जिम्मेवारि निर्वाह गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो।

Scanned with CamScanner